प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं.१

स्वास्थ्य निर्देशनालय

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

मोरङ्ग, बिराटनगर

## घर भाडामा लिने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/११/२५**

यस कार्यालयका लागि विस्तारित सेवा संचालन गर्ने बिराटनगर महानगरपालिका भित्र घर भाडामा लिन आवश्यक भएकाले तपशीलमा उल्लेख भए बमोजिमको शर्तहरूको अधिनमा रही घर भाडामा दिन इच्छुक घरधनी महानुभावहरुलाई आजको मितिले १५ दिनभित्र आफुले घरभाडामा दिन प्रस्ताव गरेको रकम सहित उल्लेख गरी यस कार्यालयमा शिलबन्दी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

१.बाहालमा दिने घर कन्चनबारी चोकदेखि मुनालपथ चोकसम्मको उत्तर-दक्षिण मुख्य राजमार्गको ६०० मिटर सम्म पूर्व वा पश्चिम तर्फ कम्तिमा २० देखि २५ कोठा भएको कम्पाउण्डवाल सहितको पक्की घर हुनु पर्नेछ ।

२.घर जग्गामा आवत जावतका लागि सवारी साधन जान सक्ने चालु हालतको बाटो भएको हुनुपर्नेछ

३.घर जग्गामा गाडी पार्किङ्गको व्यवस्था भएको हुनुपर्नेछ ।

४.एउटै घरमा २० देखि २५ वटा कोठा उपलब्ध नभएमा संगै जोडिएका दुई वा तीन घर वा बाटोका आमने सामनेका घर भएपनि मान्य हुनेछ ।

५.भाडामा लिन चाहेको घरमा विद्युत, धारा, खानेपानी, ट्वाइलेट ( कम्तीमा ५ वटा ) र बाथरुमको राम्रो व्यवस्था भएको हुनुपर्नेछ ।

६.घर भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले सम्पुर्ण विवरण खोलि मिति २०७७/१२/१० गते कार्यालय समय भित्र आफ्नो घर रहेको जग्गाको धनीपुर्जाको फोटो कपि चालु आ.ब.को तिरो तिरेको रसिद र घरको प्रमाणित नक्सा समेत सलग्न राखी कार्यालयमा शिलबन्दी निवेदन दिन सकिनेछ।

७.घरभाडा सम्बन्धि प्रस्ताव प्रथम पटक सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजे खोलिने छ । निवेदन दिने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट सम्म उक्त म्याद कायम रहने छ ।

८.घरभाडा निर्धारण समितीले निर्धारण गरेको दररेटमा मात्र घरभाडामा लिइने छ ।

९.सम्झौता बमोजिम घर भाडाको रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने बहाल कर घर धनीले ब्यहोर्नु पर्नेछ

१०.भाडा रकम भुक्तानीको तरिका दुवै पक्षको आपसी सहमतीमा सम्झौता उल्लेख भए बमोजिम हुने छ ।

२०७७/११/२५

कार्यालय प्रमुख

आयुर्वेद चिकित्सक